# एप्पलले जापानमा पूर्ण नवीकरणीय ऊर्जा प्रयोग गर्ने

**एजेन्सी**
**टोकियो, फागुन २८**



एप्पल कम्पनीले जापान निर्यात गर्ने उतपादनमा एक सय प्रतिशत नवीकरणीय ऊर्जाको प्रयोग गर्ने जानकारी दिएको छ । एप्पलले २० नयाँ सेवा प्रदानको लागि जापानमा पूर्णरूपमा नवीकरणीय ऊर्जाको प्रयोग गर्नलागेको हो ।

पछिल्लो समय नवीकरणीइ ऊर्जाको क्षेत्रमा लगानी गरिरहेको कम्पनीले चीनमा पनि केही समयअघि नवीकरणीय ऊर्जाको विस्तार गर्ने सम्झौता गष्र्रेको थियो । अहिले ल्याइएको योजनाले जापानमा नवीकरणीय ऊर्जाको विस्तारको सहयोग पुग्ने एप्पलले जानकारी दिएको छ । एप्पल कम्पनीले नवीकरणीय ऊर्जाको विस्तारले आगामी दिनमा वातावरण तथा व्यावसायिक क्षेत्रको विकासको लागि पनि महत्वपूर्ण सहयोग पुग्ने बताएको छ । अहिले आफ्नो कम्पनीले ल्याएको योजनाले नवीकरणीय स्रोतको विकासको लागि सहयोग पुग्ने अनुमान गरिएको छ भने यसले अन्य उत्पादनको क्षेत्रमा काम गरिरहेका कम्पनीहरूको लागि पनि एक उदाहरण हुने एप्पलको विश्वास रहेको छ ।

एप्पल कम्पनीले जापानका नवीकरणीय ऊर्जाको विस्तारको लागि आईबिडने प्रविधि बजारमा ल्याउने तयारी गरेको हो । एप्पल कम्पनीले जापानको ओगाकीमा रहेको मुख्यालयबाट यो प्रविधिको उत्पादन विस्तार गर्ने बताएको छ । यले १२ मेगावाट बराबरको ऊर्जा उत्पादन हुने बताइएको छ । यो कम्पनीको व्यापारको लागि पनि एक महत्वपूर्ण कदम रहने बताइएको छ । कम्पनीले सकारात्मक सोचको विस्तारको लागि यस किसिमको योजना अघि सारिएको पनि बताएको छ । जापानको पानीमा तैरिने किसिमको प्यानलको माध्यमबाट सौर्य ऊर्जा हासिल गने प्रविधिको विकास गर्दै नवीकरणीय ऊर्जाको विस्तार गर्ने योजनामा एप्पल रहेको हो ।

एप्पल कम्पनीको लागि अहिले ल्याइएको योजनाले आफ्ना सबै उतपादनहरूको लाग विद्युतीय ऊर्जा पुग्नेछ । त्यसैले पनि यस विषयमा एप्पल केही गम्भीर रहेको पाइएको छ । अहिले ल्याइएको योजनाअनुसार सन् २०१८ को अन्तिमसम्ममा भने एप्पलले केही महत्वपूर्ण योजनाहरू अघि सारेको छ । उक्त अवधिसम्ममा एप्पलले दुई अर्ब ५० लाख किलोवाट-घण्टा प्रति वर्षको ऊर्जा उत्पादनको योजना लयाइएको छ । यो नवीकरणीय क्षेत्रको विकासको लागि निक महत्वपूर्ण हुने बताइएको छ । यसअघि नै यस विषयमा एप्पल कम्पनीले आफ्नो प्रमुख योजना ल्याइसकेको भए पनि कम्पनीले काम भने सुरु गरेको थिएन । साथै कम्पनीले कति क्षमताको कस्तो ऊर्जा विस्तारको योजना ल्याउने भन्ने विषयमा पनि जानकारी गराइएको छैन ।

एप्पल कम्पनी पछिल्लो समय स्वच्छ ऊर्जाको क्षेत्रमा अगाडि रहेका देखिएको छ । एप्पल कम्पनीले वातावरणमैत्री ऊर्जाको क्षेत्रमा ८३ प्रतिशतको अंक हासिल गरेको छ । यो अंकले पनि एप्पल वातावरणीय क्षेत्रको सुधारको लागि संवेदनदशील रहेको देखिएको छ । कम्पनीले ऊर्जाको परदर्शितामा पनि सबैभन्दा अब्बकल अंक हासिल गरेको छ । अहिले ल्याइएको योजनाअनुसारको १२ मेगावाटको योजना केही महँगो भने रहने पाइएको छ । कम्पनीले पछिल्लो समय एसियामा व्यापार विस्तारको लागि केही महत्वपूर्ण योजना अघि सारिरहेको देखिएको छ । एप्पलले केही मयअघि चीनसँग नवीकरणीय ऊर्जाको विस्तारको लागि सम्झौता गरेकोमा अहिले देखिएको नतिजाले भने कम्पनी व्यापारिक हिसाबमा एसिया क्षेत्रमा आकर्षित रहेको देखिएको हो । एसियाका चीन तथा जापानमा कम्पनीको व्यापारिक नतिजा पनि बलियो रहने गरेको कारण कम्पनीको यस किसिमको योजना सार्वजनिक भएको हो ।

एप्पल कम्पनीले केही समयअघि नोभाडा कम्पनीसँग पनि दुई सय मेगावाट सौर्य ऊर्जा विस्तारको लागि सम्झौता गरेको थियो । यो सम्झौताअनुसारको योजनाको लागि सन् २०१९ चिभत्रमा सक्ने लक्ष्य राखिएको छ ।

# अमेरिकाको रोजगारीमा सुधार

**एजेन्सी**
**वासिङटन, फागुन २८**




अमेरिकाको रोजगारीको नतिजामा गएको फेब्रुअरी महिनामा सुधार आएको विवरण सार्वजनिक भएको छ । अमेरिकाले फेब्रुअरी महिनामा दुई लाख ३५ हजार रोजगारी थप गरेको हो । यसअघि जनवरी महिनामा आशा गरिएअनुसारको रोजगारी हासिल गर्न नसकेको अमेरिकाले फेब्रुअरी महिनामा भने उल्लेख्य रोजगारीमा सुधारको नतिजा हासिल गरेको हो ।

जनवरी महिनामा कमजोर रोजगारीको नतिजासँगै दबाबमा रहेको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई भने यो नतिजाबाट केही राहत मिल्ने विश्लेषकहरूले बताएका छन् । अहिले सार्वजनिक भएको नतिजाले अमेरिकाको फेडेरल रिजर्वले अमेरिकाको ब्याजदरको नतिजामा वृद्धि गर्ने निश्चित भएको छ । अमेरिकामा दुई वर्षको अवधिमा तेस्रोपटक ब्याजदरमा वृद्धि गर्ने तयारी गरिएको हो ।

आगामी साता अमेरिकाको फेडेरल रिजर्वको बैठक बस्ने तयारी भइरहेको छ । अहिले सार्वजनिक भएको नतिजाले अमेरिकी अर्थतन्त्र बलियो रहेको देखिएको छ । अमेरिकाले दुई वर्षअघि आठ वर्षमा पहिलोपटक ब्याजदरको नतिजामा वृद्धि गर्ने निर्णय गरेको थियो । लामो समयसम्म अमेरिकाको अर्थतन्त्र समस्यामा रहेको कारण ब्याजदरको नतिजा यथावत् राखिएको थियो । पछिल्लो समय भने अमेरिकाको रोजगारीको नतिजामा पनि उल्लेख्य वृद्धि भएको र आर्थिक नतिजा पनि बलियो रहेको कारण ब्याजदरको नतिजा लगाताररूपमा बढाउने तयारी भइरहेको हो ।

अमेरिकाको फेब्रुअरी महिनाको रोजगारीको विवरणसँगै बेरोजगारीको नतिजा पनि चार दशमलव ७ प्रतिशतमा झरेको छ । यसअघि यो नतिजा चार दशमलव ८ प्रतिशतमा रहेको थियो । अमेरिकाको श्रम विभागले दिएको जानकारीअनुसार धेरै मानिसहरूले फेब्रुअरी महिनामा रोजगारीको खोजी गर्नथालेको पाइएको छ । अहिले सार्वजनिक भएको नतिजाअनुसार अमेरिकाको स्वास्थ्य क्षेत्रमा सबैभन्दा बढी रोजगारी थपिएको पाइएको छ । गएको जनवरी महिनामा अमेरिकाको रोजगारीको नतिजा केही बलियो रहेको देखिए पनि अहिले हासिल भएको रोजगारीको नतिजाले भने अमेरिका केही बलियो स्थानमा रहेको देखिएको हो ।

नोभेम्बर महिनाको निर्वाचन सकिएसँगै अमेरिकाको रोजगारीको साथै उपभोक्ता तथा व्यावसायिक विश्वासको नतिजामा भने उलेख्य सुधार आएको पाइएको छ । यसले आगामी दिनमा खर्च तथा लगानीको क्षेत्रमा पनि सुधार आउने अनुमान विश्लेषकहरूले गरेका छन् ।

अमेरिकाको राष्ट्रपति पदमा डोनाल्ड ट्रम्प आएसँगै अमेरिकाको लगानीको क्षेत्रमा उल्लेख्य सुधार आइरहेको पाइएको हो । साथै अमेरिकी अधिकारीहरूले अमेरिकाको आर्थिक वृद्धिदरको नतिजामा पनि सुधार आउने विश्वास व्यक्त गरेका छन् । विश्वको सबैभन्दा ठूलो अर्थतन्त्र बोकेको मुलुक भए पनि अमेरिकाले उल्लेख्य आर्थिक वृद्धिदर भने हासिल गर्न सकेको छैन ।




जापानकी एक महिला शनिबार टोकियोमा रहेको एक स्मृति उद्यानमा श्रद्धाञ्जली व्यक्त गर्दै । सन् २०११ को मार्च ११ को भूकम्प तथा सुनामीमा परेका मानिसहरूको सम्झनामा उक्त उद्यान निर्माण गरिएको हो ।

# स्वचालित कारबारे गुगलसँग युबेरको द्वन्द्व

**एजेन्सी**
**सन्फ्रान्सिस्को, फागुन २८**




पछिल्लो समय बजारमा ल्याउने तयारीमा रहेको स्वचालित कारको विषयमा युबेर र गुगल कम्पनीको बीचमा द्वन्द्व सुरू भएको छ । गुगल कम्पनीले युबेर कम्पनीले स्वचालित कारको प्रणाली चोरी गरी स्वचालित कार बजारमा ल्याउने तयारी बजारमा ल्याउने तयारी गरिरहेको बताएको छ । यसअघि युबेर कम्पनीले गुगलको स्वचालित कारभन्दा पनि पहिला आफ्नो स्वचालित कार सेवाको लागि ल्याउने अनुमति मागेका भए पनि अमेरिकी विभागले भने यो आग्रहलाई लत्याएको थियो ।

पछिल्लो समय प्रविधिको विकासले गति लिएको भए पनि प्रविधिको दुरूपयोग गर्ने क्रम बढिरहेको देखिएको छ । यसको मारमा परेको नयाँ प्रमाण भेटिएको गुगलको दाबी छ । अहिले गुगल कम्पनीको स्वचालित कार उसको वेमोले सञ्चालन गर्ने जिम्मेवारी पाएको छ । जसमा गएको महिनामा युबेर कम्पनीमाथि वेमोले पूर्वव्यवस्थापक एन्टोनी लोभोन्डोन्सीमाथि प्रविधिको चोरी गरेको आरोप लगाएको थियो । वेमोको यो आरोपपछि भने दुई कम्पनीको विवाद सतहमा आएका थियो ।

गएको वर्ष पूर्वव्यवस्थापकको रूपमा रहेका उनले एप्पलको व्यापारिक नतिजाहरू चोरी गरेको वेमोको आरोप रहेको छ । अहिले स्वचालित काको निर्माणको लागि युबेर कम्पनी र ओट्टो कम्पनीले ६८ करोड अमेरिकी डलरबराबरको रकम लगानी गरेका थिए । उनीहरूको लगानी अनुसार नै कम्पनीले स्वचालित सवारी निर्माण गरेको हो । अहिले वेमोले लगाएको आरोपमा कुनै सत्यता नरहेको युबेर कम्पनीले बताएको छ । पछिल्लो समय दुवै कम्पनीहरू स्वचालित कार बजारमा सार्वजनिक गर्ने तयारीमा रहेका छन् भने दुवै कम्पनी अमेरिकी कम्पनी हुन् । त्यसैले दुई कपनीको बीचमा कसले पहिला यो कार सेवाको लागि बजारमा ल्याउने भन्ने विषयमा प्रतिस्पर्धा देखिएको हो ।

यसअघि गुगल कम्पनीको स्वचालित कारका व्यवस्थाक रहेका लोभोन्डोस्की अहिले ओट्टो कम्पनीको व्यवस्थापक रहेका छन्, जसको युबेर कम्पनीसँग सहकार्य रहेको छ । त्यसैले गुगल कम्पनीले युबेरमाथि यो आरोप लगाएको हो । सन् २०१८ भित्र यो कार बजारमा आउने बताइएको छ । स्वचालित कारको विषयमा सबैभन्दा पहिले गुगल कम्पनीले योजना बनाएको थियो ।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
Eastern Regional Roads Directorate

## Division Road Office Damak, Jhapa

**INVITATION FOR BIDS**

**Notice No.12-073/74**
Date of publication: 2073-11-29

1. The Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Eastern Regional Road Directorate, Division Road Office Damak invites sealed bids/quotation from eligible bidders for the following works.

| S. N. | Contract Identification Number | Description and Location of works | Estimate Amount without VAT (NRs.) | Minimum Bid Security Amount (NRs) | Bid Document Purchase Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | DRODMK/3371234/073/74-135 | Blacktop (DBSD) works on Pathariya Sukunadigi Chowk Bagan Bazar Gherabari VDC Road, Jhapa | | 1.7 Millions | 5,000.00 |
| 2. | DRODMK/3371234/073/74-136 | Blacktop (DBSD) Works on Dharampur- 5 Mangalbare Basnet Tole Road, Jhapa | | 1.6 Millions | 5,000.00 |
| 3. | DRODMK/3371574/073/74-137 | Construction of RCC Bridge over Baniyani Khola near Mate School, Dharampur VDC-5&4, Basnet Tole, Jhapa | | 1.05 Millions | 5,000.00 |
| 4. | DRODMK/3371484/073/74-138 | Embankment filling and Drain works on Ratuwa Marg Sadak Nirman, Damak 13,15,18, Jhapa | 16,945,307.81 | 480,000.00 | 3,000.00 |
| 5. | DRODMK/3371484/073/74-139 | Blacktop, Interlocking concrete blocks and Drain works on Baluwatar Chakrapath, Jhapa | 16,946,821.43 | 480,000.00 | 3,000.00 |
| 6. | DRODMK/3371234/073/74-140 | Blacktop works on Surunga Champapur Ghailadubba Road | 16,943,570.94 | 480,000.00 | 3,000.00 |
| 7. | DRODMK/3371234/073/74-141 | Blacktop works on Kankai Na.Pa. 2 Janaki Ni.Ma.Vi School Newar Gaun Purwa Krishi Marga Sugedi Samudayik Ban Karyalaya Jaane bato, Jhapa | 16,948,230.96 | 480,000.00 | 3,000.00 |
| 8. | DRODMK/3371234/073/74-142 | Blacktop works on Birtamod west buspark to Meghabadi Kalika Mandir Road, Jhapa | 4,245,594.72 | 120,000.00 | 3,000.00 |
| 9. | DRODMK/3371234/073/74-143 | Blacktop works on Shahid Chandra Marg (Anarmani Garamani Haldibari Jalthal) Jhapa | 3,391,104.40 | 95,000.00 | 3,000.00 |
| 10. | DRODMK/3371484/073/74-144 | Humepipe Culvert and Gravelling works on Dhaijan Saharedangi Saniarjun Budhbare Mahanand chowk Road | 3,818,842.08 | 110,000.00 | 3,000.00 |
| 11. | DRODMK/3371234/073/74-145 | Humepipe Culvert,Gabion structures and sub-base works on Chure Marga Patapur Barne Shantipur Mahamai Letang Chatara Road | 3,392,769.97 | 95,000.00 | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Division Road Office Damak, Tel.: 023-580265, Fax: 023-581339, Email: drodamak@gmail.com or may visit DoR's website: www.dor.gov.np.
3. **Information of Date and Time**

| Last Date and Time for Purchase of bids | Pre-Bid Meeting | Last Date and time for Submission of bids | Date, time and place of bid opening |
|---|---|---|---|
| 2073/12/28, 17:00 hr | 2073/12/18, 14:00 hr | 2073/12/29, 12:00 hr | 2073/12/29, 13:00 hr, DRO Damak |

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents (Technical and Price) as mentioned above or may down load the bidding documents for e-submission from DoR's website: www.dor.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account at Rastriya Banijya Bank Damak in Revenue Head no 14227, Office Code: 04-337-05, Account No.: KA 1-1-002 and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

4. The Technical Bid and Price Bid shall be sealed in two separate envelopes and clearly marked as Technical Bid and Price Bid shall be sealed in a single envelope and sealed and marked as Bid in the form of Hard copy or electronic bids in the form of Technical Bid and Price Bid must be submitted to the office Division Road Office Damak by hand/courier or through DoR's website: www.dor.gov.np for S.N. 1, 2 & 3.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The bidders who submit their bid by e-submission must submit their hardcopy (Technical Bid) within 3 days after the last date of bid submission.

**Division Chief**